

# कृषिमा अनुदान

## कार्यान्वयनका चुनौतीको पहिचान

### १. पृष्ठभूमि

नेपालको कृषि विकास तथा प्रवर्द्धनका लागि अनुदान एउटा महत्वपूर्ण आयाम हो । विकसित राष्ट्रहरु, जस्तै संयुक्त राष्ट्र अमेरिका र युरोपेली राष्ट्रको कृषि विकासको इतिहासमा अनुदानको अहम् भूमिका रहेको देखिन्छ ।१९ सौं शताब्दीको अन्त्यतिर जब अमेरिका व्यापक औद्योगिकीकरणमा लाग्यो, यसको कृषि विस्तारै खस्कँदै गयो । त्यसै समयको प्रथम विश्वयुद्धले यस अवस्थालाई थप जटिल बनाउँदै कृषि उपजको मूल्य घट्ने क्रमलाई बढावा दियो । उदाहरणका लागि, यस अवस्थालाई मध्यनजर गरी अमेरिकाले किसानको खस्कँदो आर्थिक अवस्थालाई उकास्न र स्थानीय कृषिलाई युद्धअघिकै अवस्थामा फर्कन विशेष ऐन (Agricultural Adjustment Act 1933) ल्यायो[१]।

त्यसैगरी युरोपेली राष्ट्रहरुमा दोस्रो विश्वयुद्धपछि मात्र कृषिमा अनुदान दिन सुरु गरेको पाइन्छ । कम आय भएका किसानको खेतीपाती गर्ने सामर्थ्य बृद्धि गर्न र बजारलाई स्थिर राख्न अनुदानको प्रावधान ल्याइएको देखिन्छ । कृषि अनुदानको कार्यान्वयनको लागि वि सं २०१९ मा लक्षित उद्देश्य प्राप्त गर्न साझा कृषि नीति Common Agricultural Policy (CAP) ल्याइयो[२] । यस किसिमको कृषि नीतिको कार्यान्वयनपछि प्रमुख युरोपेली राष्ट्रको कृषिमा क्रमशः सुधार आएको र त्यहाँका किसानको जीवनस्तर उकासिँदै गएको पाइन्छ ।

छिमेकी राष्ट्र भारतको कृषि विकासको क्रमलाई हेर्दा भारतमा कृषिमा अनुदानसम्बन्धी नीति वि सं २०१७ मा सुरुभएको पाइन्छ[३]। हरित क्रान्तिको सुरुवातसँगै सिंचाइ र मलको माग बढ्दै जाँदा भारत सरकारले यी कुरालाई प्राथमिकतामा राख्दै अनुदान उपलब्ध गराउन सुरु गरेका अध्ययनले देखाउँछ । यसरी अनुदान पाएपछि ४० र ५० को दशकमा किसानले उत्पादन बृद्धि गरेका उदाहरण भेटिन्छन्[४]। अहिले भारत सरकारले अनुदान दिने क्षेत्र बृद्धि गर्दै सिंचाइ र मलबाहेक अन्य कृषि औजार र निर्यातमा समेत अनुदान उपलब्ध गराउँदै आएको छ ।

अर्कोतर्फ चीनले भने वि सं २०४७ को दशकतिर मात्र लागत सामग्री खरिद, निर्यात तथा भण्डारणमा अनुदान दिने नीतिहरु ल्याएको देखिन्छ । तर ती नीति खर्चिलो हुनुको साथै लक्षित वर्गसम्म पुग्न नसक्दा चीनले वि सं २०६१ मा उक्त नीतिलाई परिमार्जन गरी राष्ट्रिय स्तरबाटै प्रत्यक्ष रूपमा किसानलाई अनुदान दिने व्यवस्था सुरुगर्‍यो । त्यसपछि भने चीनको कृषि विकासमा आमूल परिवर्तन आएको जानकारहरु नै बताउँछन् ।

हाम्रो देश नेपालको कृषि अनुदानको इतिहासलाई केलाउने हो भने यसको अभ्यास भर्खरै मात्र भएको देखिन्छ । सबैभन्दा पहिला रासायनिक मलमा अनुदान दिन सुरु गरेको हो । त्यो बाहेक अन्य क्षेत्रमा अनुदानको प्रावधान रहेको थिएन । खाद्यान्न उत्पादन बढाउने उद्देश्यसहित वि सं २०३१ बाट रासायनिक मलको मूल्य तथा ढुवानीमा अनुदान वितरण सुरु भएको हो[५,६]। अनुदान दिन लागेको केही वर्षमा नै किसानको रुचि बढ्दै जाँदा रासायनिक मलको माग बढ्न थाल्यो । तर त्यसै समयमा अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यवृद्धि भयो- जसले गर्दा नेपाललाई मागअनुसार आपूर्ति गर्न कठिन भयो । साथै महँगोमा मल किनेर अनुदानमा विक्री गर्दा सरकारलाई अतिरिक्त आर्थिक भार पर्ने देखियो । यसले गर्दा २०५४ मा सरकारले रासायनिक मलमा दिँदै आएको अनुदान दिने व्यवस्थालाई खारेज गर्‍यो । तर किसानहरुले रासायनिक मलको प्रयोग गर्न सुरु गरिसकेको हुँदा गुणस्तरहीन रासायनिक मल अवैध तवरले नै भएपनि किनेर प्रयोगमा ल्याउन थाले- जसले गर्दासरकारले यस्तो अवस्थालाई नियन्त्रण गर्न र गुणस्तरहीन मल भित्रिनबाट रोक्न पुनः वि सं २०६६ मा अनुदान दिने व्यवस्थासुरुगर्‍यो । यस्तो अनुदानका प्रावधान साना र सीमान्तकृत किसानको लागि लक्षित गरिएको भनिएको छ[७] ।

समग्रमा, वि सं २०५२ पछिको समयलाइ हेर्दा कृषि तथा पशु विकासको क्षेत्रमा विभिन्न अनुदानको प्रावधान राखेको पाइन्छ । मुख्यतया कृषि औजार, सिंचाइ, ढुवानी, भण्डारण आदि तथा पशु आहार, पशुको स्वास्थ्यपरीक्षण गर्दा, गोठ सुधार आदि क्षेत्रमा अनुदान दिँदै आएको पाइएको छ । वर्तमान समयमा पनि सरकारी, गैर सरकारी तथा कृषिमा काम गर्ने संघसंस्थाले आ/आफ्नै तवरले कृषिमाअनुदानदिँदै आइरहेका छन् । तर यसरी दिँदै आइएको अनुदानको मात्रा किसान संख्याको अनुपातमा धैरै कम रहेको पाइएको छ ।

विश्व कृषि विकासको इतिहासमा अनुदानको सकारात्मक भूमिका रहेको भएतापनि अहिले यसको औचित्यमाथि दुई थरीको बहस भइरहेको छ । एकथरीले विकसित वा विकासोन्मुख राष्ट्र कसैले पनि कृषिमा अनुदान दिनुहुँदैन भन्छन् भने अर्काथरी कृषि विकासका लागि अनुदान आवश्यक छ भन्ने कुराको तर्क गर्दछन् । कृषिमा अनुदान दिनुहुँदैन भन्नेहरुको दुइवटा तर्क बलियो रहेको छ । पहिलो, खुल्ला

#### कार्यान्वयनका चुनौतीकाहरू

- प्रस्तावनाका ढाँचामा अस्पष्टता तथा अव्यावहारिक शर्तहरु
- अनुदानका प्रावधानको जानकारी पाउने भरपर्दो माध्यमको अभाव
- ठूला व्यावसायिक कृषिमा जोडर झन्झटिला प्रशासनिक शर्त
- अनुदान रकमभन्दा प्रक्रिया महँगो
- कार्यक्रमहरु मागका आधारमा भन्दा तजबिजमा
- जग्गा धितो र पूर्वाधारका शर्त अव्यावहारिक
- अनुदान वितरणमा भागबन्डा
- किसानको पहिचान र वर्गीकरण नहुँदा वास्तविक किसान ओझेलमा
- अनुदानले परनिर्भरतालाई नै प्रश्रय

ForestAction

अर्थतन्त्र भएको अवस्थामा विकसित राष्ट्रहरुले किसानलाई अनुदान वितरण गर्दा उत्पादित वस्तुको मूल्य घट्न गई विकासोन्मुख राष्ट्रको बजारलाई प्रभाव पार्दछ भन्ने रहेको छ । उनीहरुका अनुसार, यसले गर्दा विकासोन्मुख राष्ट्रको कृषि उपजले उचित मूल्य नपाउने र अनुदान प्राप्त आयातित कृषि उपजसँग प्रतिष्पर्धा पनि गर्न नसक्ने हुँदा स्थानीय किसान निरुत्साहित हुन्छन् भन्ने तर्क रहेको छ । दोस्रो, केही वातावरण विज्ञ अनुदानको व्यवस्थाले कृषिको महत्वपूर्ण पक्षमा नै नकारात्मक प्रभाव पर्ने बताउँछन् । उनीहरु जसमा अनुदान बढी पाइन्छ- त्यस्ता कृषि सामग्रीको प्रयोग अत्यधिक मात्रामा किसानहरुले गर्छन् भन्ने तर्क गर्छन् ।उदाहरणकालागि केही राष्ट्रले मल तथा विषादीमा अनुदान दिएपछि त्यस्ता वस्तुको अत्यधिक प्रयोग भएको र अन्ततः माटोको उर्वराशक्ति तथा पानीको सतह घटेको र वातावरणमा अन्य प्रत्यक्ष नकारात्मक प्रभाव परेको उनीहरु बताउँछन्[८]।तसर्थ यस धारमा बहस गर्नेहरुले अनुदान दिनुहुँदैन भन्ने विचार राखेका छन् ।

अर्कोथरी अनुदानका पक्षपातीहरु, जबसम्म विकसित देशमा अनुदानको प्रावधान रहन्छ, विकासोन्मुख राष्ट्रले पनि कृषिमा अनुदान दिने प्रावधानलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने तर्क गर्छन् । उनीहरुका अनुसार यसो भएमा मात्र स्थानीय उत्पादनले आयातित कम मूल्य पर्ने वस्तुसँग प्रतिष्पर्धा गर्न सक्छन् र स्थानीय उत्पादनले प्रोत्साहन पाउँछन् भन्ने रहेको छ । यसका साथै, अधिकांश कम आयस्रोत भएका साना तथा भूमिहीन किसानले बढ्दो कृषि लागतको आर्थिक भार पूर्ण रूपमा आफैंले व्यहोर्न नसक्ने भइरहेको वर्तमान अवस्थामा विकासोन्मुख राष्ट्रहरुले आफ्नो कृषिको विकास गर्ने हो भने यस्ता किसानलाई अनुदान उपलब्ध गराउनुपर्दछ भन्ने तर्क गर्ने गरेका छन् ।

तसर्थ, नेपालजस्तो विकासोन्मूख राष्ट्रले पनि आफ्नो कृषि र कृषिमा आधारित अर्थतन्त्रलाई समृद्ध गर्ने हो भने साना तथा भूमिहीन किसानलाई केन्द्रमा राखेर अनुदानको प्रावधानलाई महत्व दिनुपर्छ । केही समययता सरकारलेकृषि क्षेत्रलाई प्राथमिकतामा राखेर अनुदान, वीमाजस्ता कार्यक्रम ल्याएतापनि यस्ता सेवा सुविधा कतिको प्रभावकारी छ र कस्ता किसानको पहुँचमा छन् भन्ने कुरा खोजी गर्न जरुरी छ । साथै यस्ता सेवा र सुविधा कृषि पेशामै आश्रित वास्तविक किसानसम्म पुऱ्याउन कति प्रयास भएका छन् र गरिएका प्रयत्न कति सार्थक छन् भन्ने कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ । तसर्थ यस बहस पत्रमा नेपालको कृषिमा अनुदानको अवस्था, प्रावधान तथा कार्यान्वयनका चुनौतीको पहिचान तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २. अनुदानका प्रावधान

नेपाल सरकारबाट कृषकलाई कृषि तथा पशु विकासको क्षेत्रमा उत्पादन लागत कम गर्ने थप आर्थिक एवं जिन्सी सहयोग गर्ने गरेको छ । यस्तो सहयोगले किसानको जोखिम लिने क्षमता र उत्पादनका लागि चाहिने स्रोतको उपयोग बढाउन केही हदसम्म मद्दत पुग्छ । साथै किसानको कुल आम्दानीमा उक्त सामग्रीको मूल्य र आपूर्तिलाई प्रभाव पार्दछ ।अनुदानका लागि प्रत्येक कार्यविधिअनुसार भिन्नाभिन्नै शर्त तोकिएका छन् । नेपाल सरकारले २०७० देखि २०७३ सम्म कृषिको उन्नतिका लागि तयार पारेका ५१ वटा कार्यविधि[९], दुईवटा दिग्दर्शन, आठवटा नीति, आठवटा निर्देशिका, एक कार्ययोजना, एक नियमावली, एक मार्गदर्शनमध्ये किसानका लागि बढी उपयोगी अनुदानका कार्यविधि १५ देखि १६ वटा रहेका छन् ।

१) कृषक समूह/सहकारीमार्फत प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादनका लागि सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१
२) कृषि विभाग अन्तर्गत सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१
३) पशुगोठ सुधार तथा घाँसेबाली उत्पादन प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७१
४) कृषि सहकारी संघसंस्थालाई उपलब्ध गराइने अनुदानसम्बन्धी कार्यविधि, २०७२
५. सीमान्तकृत समुदाय लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२
६. महिलाद्वारा सञ्चालित तथा व्यवस्थित एकीकृत कृषिफार्म सञ्चालन कार्यविधि, २०७२
७) व्यावसायिक पशुपालन (गाईभैंसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि, २०७१
८) जग्गा भाडामा लिई व्यावसायिक खेती गर्ने लक्षित समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७१
९) मसिना तथा वासनादार धान उत्पादन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१
१०) खेतीयोग्य बाँझो जग्गा उपयोग कार्यविधि, २०७२
११) व्यावसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०
१२ तरकारी उत्पादनका लागि उन्नत प्रविधिमा आधारित हाइटेक ग्रीनहाउस निर्माण कार्यविधि, २०७२
१३) व्यावसायिक कृषि कार्यका लागि लिइने ऋणको व्याजदर तथा जग्गाको भाडामा अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१
१४) युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७१
१५) एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) अनुशरण (Follow up) कार्यक्रम सञ्चालन कार्यविधि, २०७१
१६) पशु सेवा विभागअन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

## ३. कार्यान्वयनका चुनौती

### ३.१ प्रस्तावनाका ढाँचामा अस्पष्टता तथा अव्यावहारिक शर्तहरु

उल्लेखित अनुदानका कार्यविधि प्रस्तावनाका ढाँचा हेर्दा लेख्न र पढ्न नसक्ने किसानले तयार गर्न नसक्ने अवस्थाका देखिन्छन् । अधिकांश कार्यविधि दोहोरो अर्थ लाग्ने र यसका शर्त पूरा गर्न किसानलाई कठिन हुने देखिन्छन् । प्रत्येक अनुदानका कार्यविधिअनुसार प्रस्तुत गर्नुपर्ने प्रस्तावनामा अनुसूचीमाथि अनुसूची थपेर अझ जटिल बनाइएका छन् । एउटा प्रस्तावना पूरा गर्न आशयपत्र/संक्षिप्त कार्ययोजना, निवेदन, शिफारिस पत्र, आयोजना अवधारणापत्र, आवेदन फारम जस्ता विविध कागजातको खातले झन्झटिलो र आवेदन प्रक्रियालाई जटिल बनाएको छ- जसले गर्दा किसानहरुलाई प्रत्यक्ष रूपमा अनुदान प्राप्त गर्न निरुत्साहित गर्ने देखिन्छ ।

उदयपुर जिल्लाको सिद्धिपुरमा रहेको हरियाली कृषि सहकारीकी अध्यक्ष पार्वती कार्की भन्नुहुन्छ- “युवा स्वरोजगार कार्यक्रमअन्तर्गतको रकमको लागि धाएको वर्ष दिन भइसक्यो, तर अझै पाएका छैनौं, सरकारी अधिकारीहरु कागजपत्र मिलेको छैन भनेर टार्छन् ।”

### ३.२ अनुदानका प्रावधानको जानकारी पाउने भरपर्दो माध्यमको अभाव

ग्रामीण भेगका अधिकांश साना किसानको सूचना र जानकारी पाउने प्रविधिसँग पर्याप्त पहुँच हुँदैन । यसले गर्दाअनुदानका कार्यक्रमको जानकारी समयमै यस्ता किसानले नपाउने अवस्था छ । गाउँका प्रायजसो किसानलाई अनुदान पाउन सकिन्छ भन्नेसम्म थाहा छैन भने यसका प्रक्रिया तथा शर्तबारेत झनै अनभिज्ञ नै छन् । हाम्रो जस्तो पहाडी भूभागले ओगटेको देशमा समयमै पत्रपत्रिका नपुग्ने, रेडियोको सुविधाबाट वञ्चित र कृषि कार्यालयको सूचनापाटी पढ्न जान पनि दुई दिनसम्म हिँड्नुपर्ने ठाउँ प्रशस्त छन् । यस्ता क्षेत्रका किसानलाई अनुदानका कार्यक्रमसम्बन्धी पर्याप्त जानकारी गराउने उपयुक्त माध्यम छैनन्- जसले गर्दा अधिकांश किसानलाई यो प्रावधान ‘कौवालाई बेल पाक्दा हर्ष न बिस्मात’ जस्तै भएको छ ।

### ३.३ ठूला व्यावसायिक कृषिमा जोडर झन्झटिला प्रशासनिक शर्त

प्रायजसो सबै अनुदानका कार्यविधि ठूला र व्यावसायिक फार्मलाई प्राथमिकता दिइने भनिएको छ । साना किसानलाई नभई धेरै लगानी गर्न सक्ने र आर्थिक रूपमा सक्षम व्यावसायिक किसानलाई नै अनुदानको कार्यविधिले फाइदा पुर्‍याउने देखिन्छ । अनुदान लिनको लागि तर्जुमा गरिएका अधिकांश शर्तसामान्य किसानले पूरा गर्ने कठिन रझन्झटिला छन् ।प्राय सबैजसो अनुदान प्राप्त गर्नका लागि किसान कृषि सहकारीमा आबद्ध भएकै हुनुपर्ने मापदण्डले अझ जटिलता थपेको छ । अनुदान साना किसानका लागि महत्वपूर्ण हुन्छ तर अनुदान प्राप्त गर्नका लागि राखिएका केही अव्यावहारिक शर्तले गर्दा यस्ता किसान वञ्चित हुने डर रहन्छ । जस्तैपशुपालन गर्नका लागि प्राप्त अनुदानको हकमा मात्रै कुरा गर्ने हो भने बनेका अहिलेका कार्यविधिले ठूला पशुपालन व्यवसायीलाई मात्र लक्ष्य गरेको देखिन्छ । उदाहरणका लागि, अनुदान पाउनको लागि कम्तिमा पनि १४ देखि २० वटा पशुपालन गर्नुपर्ने शर्त रहेको छ । त्यसैगरी बालीसम्बन्धी अनुदानको हकमा सरकारले तोकिएअनुरूपकै लालपुर्जासहितको खेतीयोग्य जमिन र आवश्यक कागजातमा नागरिकताको प्रतिलिपि पनि हुनुपर्ने शर्त रहेको छ । तर हाम्रो ग्रामीण समाजमा आफूले भोगचलन गरेको जग्गा गुठी वा बाउबाजेका नाममा रहेको प्रशस्त उदाहरण छन् । तसर्थ यी जग्गासम्बन्धी कागजात कानुनी हिसाबले जुटाउन नसकिने हुँदा यस्ता किसान अनुदानबाट वञ्चित हुनुपरेको भेटिएको छ ।साथै विविध कारणले नागरिकताको पहुँचबाट छलिएका किसान पनि यी सुविधाका हकदार नहुने स्पष्ट देखिन्छ ।

अध्ययनको क्रममा देखिएको निम्न उदाहरणलाई मात्रै विश्लेषण गर्ने हो भने पनि यो प्रक्रिया कतिको झन्झटिलो र अव्यावहारिक छ भन्ने स्पष्ट देखिन्छ ।

> व्यावसायिक पशुपालन फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि २०७१ अनुसारः पाँचवटादेखि १० वटासम्म दुधालु गाई वा भैंसी पालन गरेको, पहाडमा तीन रोपनी र तराईमा ४.५ कठ्ठा जग्गामा घाँस लगाएको, ५० प्रतिशत रकम कृषक स्वयंले खर्च गर्नुपर्ने, तीनवर्षदेखि सरकारी वा गैर सरकारी संघसंस्थाबाट ५० हजारभन्दा माथिको वस्तु तथा नगद अनुदान प्राप्त नगरेको, फार्म दर्ता गरेको प्रमाण पत्र, VAT वा PAN को प्रमाणपत्र, सूचना प्राप्त भएको मितिले ३० दिनभित्र राष्ट्रिय दुग्ध विकास बोर्डमा प्रस्तावना पेश गर्नुपर्ने, अनुदानको सूचना दुग्ध विकास बोर्डको सूचनापाटी तथा website मा हेर्नुपर्नेजस्ता शर्त साधारण किसानको पहुँचभन्दा पर देखिन्छन् ।
>
> व्यावसायिक पशुपालन फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि २०७१

### ३.४ अनुदान रकमभन्दा प्रक्रिया महँगो

किसानले पाउने अनुदानको रकम लिनको लागि आवश्यक चरण तथा प्रक्रिया पूरा गर्नचाहिने खर्च नै अनुदानको रकमभन्दा धेरै हुने गरेको किसानहरु बताउँछन् । अध्ययनको क्रममा छलफल गर्दा उदयपुर, कटुन्जेकी महिला किसान- विभा राईले बाखा फार्म खोलेर अनुदान लिनको लागि व्यहोर्नुपरेको खर्चिलो प्रक्रियासम्बन्धी अनुभव यसरी व्यक्त गर्नुभयो ।

### ३.५ कार्यक्रमहरु मागका आधारमा भन्दा तजबिजमा

अनुदानका कार्यक्रम किसानको माग र आवश्यकताभन्दा पनि केन्द्रबाटै आफूखुसी स्थानीय अवस्था विश्लेषण नगरी तर्जुमा गरिएको देखिन्छ । भौगोलिक अवस्था र तुलनात्मक लाभलाई मूल्याङ्कन गरी कुन ठाउँको लागि कुन कार्यक्रम उपयुक्त हुन्छ भनेर अनुदानकाकार्यक्रम नबनाइँदा सोचेअनुसार प्रतिफल नपाइएको उदाहरणहरु अध्ययनका क्रममा पाइयो ।

उदाहरणको लागि, उदयपुर जिल्ला, नेस्पेकका प्रतिनिधि शिरोमणि खतिवडा भन्नुहुन्छ- ‘उदयपुरमा अनुदानस्वरूप भुइँस्याउको कार्यक्रम ल्याइयो । किसानहरु अनुदान पाउने भएपछि अन्य पाटो, जस्तै उत्पादनको बजारको अवस्था विश्लेषण नगरी धमाधम खेती गरे । उत्पादन पनि राम्रै भयो तर बजार नपाएर अहिले भैंसीलाई खोले पकाएर ख्वाउने काममा मात्र प्रयोगमा आइरहेको छ । यस्ता उदाहरणको फेरहिस्त लामै छ ।

> “मैले बाखा फार्म खोल्ने विचार गरेर त्यसको लागि जिल्लापशु विकास .कार्यालयमा बुझ्न गएँ । मेरो घरबाट जिल्लासम्म पुग्न दुई दिन लाग्छ, बाटोमा त्रियुगा खोला तर्न कठिन छ । उहाँहरुले पहिला ५० वटा न्यूनतम बाखा पाल्न र फार्म दर्ता गराउन भन्नुभयो, अनिमात्र अनुदानको रकम दिन्छौं भन्नुभयो । जान आउन र धेरै थरीका प्रक्रियामा ४०-५० हजार खर्च भइसक्यो, यता जाऊ उता जाऊ भन्छन्, त्यही पनि दर्ता गर्ने काम सकेको छैन ।”

### ३.६ जग्गा धितो र पूर्वाधारका शर्त अव्यावहारिक

भौगोलिक विकटता र टुक्राटुक्री जमिन भएकोलेअनुदानका शर्तमा तोकिएअनुसारको जमिन पाउन गाह्रो छ ।साथै चक्लाबन्दी नभएका कारणले पनि एकै स्थानमा ठूलो परिमाणको खेतीयोग्य जमिन नपाइने अवस्था छ । त्यसैगरी, जग्गा भाडामा लिने कार्यविधि पनि व्यावहारिकछैनन् । एकातिरशर्तमा तोकिएअनुसारकै जग्गा भाडामा पाउन नसकिने अवस्था छ भने अर्कोतिर, जग्गाधनीले अनुदानका शर्तअनुसारको सम्झौता गर्न नमानेको अवस्था पनि देखिन्छ ।यस्तो परिस्थितिमा दुई पक्ष बीच कसरी समझदारी गराउने भन्ने कुरा कार्यविधिमा स्पष्टरूपमा उल्लेख गरिएको छैन ।

यतिमात्र नभई खेती गर्ने जमिनको भौगोलिक अवस्थाबारे पनि अनुदानको कार्यविधिमा तोकिएको छ । उदाहरणका लागि,अव्यावहारिक पूर्वाधारका शर्त (बाटो र मोहडाजस्ता)ले गर्दा मापदण्ड पुर्‍याउन सम्भव देखिँदैन । यातायातको सुविधा भएको ठाउँलाई मात्र प्राथमिकता भनेर तोकिएको जस्ता मापदण्डका कारण अधिकांश कृषक यो सुविधाबाट वञ्चित हुनुपरेको छ । नेपालजस्तो अधिकांश हिमाल तथा पहाडले ओगटेको देशमा भौगोलिक बनावट (दक्षिण-पश्चिम/पूर्व –दक्षिण/मोहडा भएको) हावापानी उपयुक्त हुने तरकारी बाली, सिंचाइ सुविधा र यातायात सुविधा भएको वा सडक बाटोसम्म ढुवानी गर्न नजिकको पैदल दूरीमा हुनुपर्ने) सीमा शर्तको रूपमा राख्नु कति सान्दर्भिक हुन्छ- विचारणीय छ ।

### ३.७ अनुदान वितरणमा भागबन्डा

स्थानीय तहमा विकासका कार्यक्रममा सहमतिको नाममा मिलिमतोमा आफूखुसी अनुदानका रकम भागबन्डा गर्ने गरेको स्थानीयको गुनासो सुनिन्छ । यस्तो प्रवृत्तिले गर्दा वास्तविक किसानले पाउनुपर्ने ठाउँमा पहुँच भएका टाठाबाठाले मात्र यस्ता अनुदानका रकम हात पर्ने गरेको पाइन्छ । तसर्थ अनुदानका कार्यक्रमहरु लक्षित वर्गमा अझै पनि पुग्न सकेको छैन । अनुदानका रकम भागबन्डामा पर्ने समस्या पछिल्लो समयमा चुनौतीको रूपमा देखा परेको गुनासो किसानहरुको रहेको छ । जिम्मेवार निकायले विभिन्न निहुँमा प्रक्रियामा नजाने र मागअनुसार सम्बोधन नगर्ने परिपाटी हाबी हुँदा लक्षित वर्ग मारमा परेका हुन् ।

> महेन्द्रकोट-३ कपिलवस्तुकी विष्णु भुसाल भन्छिन्- 'यहाँ राजनैतिक पहुँचअनुसार समूहमा राख्ने चलन छ । मलाई फलानो राजनीतिक दलको नभएर समूहमा राखेनन् । त्यहाँ खोजिएको दलका मान्छेमात्र छानी/छानी राखियो ।

### ३.८ पहिचान र वर्गीकरण नहुँदा वास्तविक किसान ओझेलमा

किसानको परिभाषा गरी पहिचानका सूचकहरुका आधारमा वर्गीकरण नभएसम्म लाभान्वित हुनुपर्ने वर्ग सधैं वञ्चित भइरहनुपर्ने र टाठाबाठाले मात्र फाइदा लिइरहने अवस्था रहेको छ । खेती गर्ने जमिन नै नहुने भुमिहीन किसानदेखि आफ्नो जमिनमा खेती गरेर वर्षभरि खान नपुग्ने, सयौं बिघा जमिन भएका जमिन्दार, कर्मचारी, व्यापारी र व्यवसायी सबैलाई किसान भनिन्छ । यस्तो अवस्थामा किसानले पाउने अनुदान यी सबै खाले किसानले दाबी गर्ने र टाठाबाठाले मात्र यस्तो अनुदान हात पार्ने गरेको देखिन्छ । तसर्थ, खेतीपातीमा संलग्न आफैं खेती गर्ने किसान र अरुलाई खेती किसानी गर्न लगाई कृषि व्यवसाय गर्ने उद्यमीको वर्गीकरण गरिनुपर्छ ।

### ३.९ अनुदानले परनिर्भरतालाई नै प्रश्रय

मसिना तथा वासनादार धान उत्पादन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१, व्यावसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०, तरकारी उत्पादनका लागि उन्नत प्रविधिमा आधारित हाइटेक ग्रीनहाउस निर्माण कार्यविधि, २०७२ आदि जस्ता कार्यविधिले आयातित बीउ तथा प्रविधिलाई नै प्रश्रय दिएको पाइन्छ ।

यसरी हेर्दा, अनुदानका लागि ल्याइएका कार्यविधिले स्थानीय बीउ तथा प्रविधिको उत्थानको लागि नभएर उन्नत बीउका नाममा आयातित प्रविधिलाई नै प्रश्रय दिँदै आएको देखिन्छ । यस्ता अनुदानका कार्यक्रमले गर्दा स्थानीय स्रोत साधनको कम उपयोग हुने र बाह्य स्रोतमा आश्रित भईपरनिर्भरताको पथमा नै अग्रसर हुन किसानलाई बाध्य बनाएको उनीहरुको गुनासो रहेको छ ।

## ४. सुझाव तथा निष्कर्ष

कृषि र पशुमा ल्याइएका अनुदान कार्यक्रमले हाम्रो जस्तो कृषिप्रधान देशका किसानमा केही आशा जगाएपनि कार्यान्वयनका चुनौतीले गर्दा लक्षित उद्देश्य प्राप्त गर्न सकिरहेको छैन । कृषकहरुले राज्यबाट पाउने अनुदान, बजार व्यवस्थापन, प्रविधि र प्राविधिक सहयोगसँग सम्बन्धित राज्यका विद्यमान कार्यनीतिबारे नेपालका अधिकांश साना किसानले सूचना सम्म पाएका छैनन् । वास्तविक रूपमा अनुदानको आवश्यकता पर्ने वर्ग भनेको साना किसान हुन्- जोसँग खेतीपातीमा लगानी गर्न पर्याप्त स्रोत भने हुँदैन । तर कार्यविधिको ढाँचा, प्रक्रिया र अनुदानको कार्यक्रम साना किसान तथा महिला, विपन्न, दलित र सीमान्तकृत किसानको पहुँचभन्दा बाहिर छ । अर्कोतर्फ, प्राविधिक सेवाको कमी साथै बजारको अनिश्चितताको समस्याले गर्दा अनुदान पाएका केही किसानले पनि अनुदान कार्यक्रमको लक्षित उद्देश्य प्राप्त गर्न सकेका छैनन् ।

अहिलेकै अवस्थामा माथि उल्लेखित चुनौतीहरुको संबोधन नगरी उपलब्ध गराइने अनुदान वास्तविक किसानको पहुँच भन्दा पर साथै यसबाट उनीहरुले पाउन सक्ने फाइदा कमै देखिन्छ । तसर्थ वास्तविक किसानको पहिचान गरी उनीहरुलाई फाइदा पुग्ने क्षेत्रमा अनुदानका कार्यक्रम ल्याउन आवश्यक हुन्छ । यसो गर्न सकेमा मात्र अनुदान कार्यक्रमको सार्थकता बढ्नेछ ।

अधिकांश किसान रहेको हाम्रो जस्तो मुलुकमा वास्तविक किसानको पहिचान गरी उनीहरुलाई आर्थिक प्रोत्साहन पुग्ने क्षेत्रमा अनुदानका कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । यसो गर्दा व्यवसायिक र साना किसानको फरक फरक मापदण्डमा अनुदानका कार्यक्रम बनाइनुपर्दछ । प्रायजसो अनुदानका कार्यक्रम अधिकांश साना किसानको जीविकोपार्जन, आयस्रोत र खाद्यसुरक्षाको लागि दिगो कृषि, प्राकृतिक स्रोत व्यवस्थापन र जैविक विविधताको संरक्षणमा आधारित हुनुपर्दछ । त्यसैगरी भौगोलिक बनावटलाई ध्यानमा राखी सोहीअनुसारको प्रविधिमा जोड दिँदै किसानलाई प्राविधिक रूपमा दक्ष बनाउनुपर्दछ । राज्यले बजारको सुनिश्चितता गर्दै कार्यक्रमको अनुगमनसमेत गरी उचित कार्यान्वयनको लागि पहल गर्नुपर्दछ ।

अनुदानका कार्यक्रम, शर्तहरु र मापदण्डको पुनर्विचार र वास्तविक किसानको पहिचान गरी अनुदानका कार्यविधि निर्माण गरिनुपर्दछ । हालसम्म बनेका कार्यविधिलाई थप सरल बनाउँदै जानकारीका लागि तालिम र प्रचार प्रसारको अभियान चलाउनुपर्दछ । यस्ता कार्यक्रमलाई भागवण्डा, मिलिमतो र अन्य वाह्य हस्तक्षेपबाट टाढा राखिनुपर्दछ ।

## ५. टिप्पणी पत्रबारे

किसानको हितलाई लक्ष्य गरी बनाइएका अनुदानमा प्रावधान तथा कार्यान्वयनका चुनौतीको खोजी तथा विश्लेषण गर्ने उद्देश्यका साथ गरिएको १. सन्दर्भस्रोतको अध्ययन, २. उदयपुर, मकवानपुर, नवलपरासी, अर्घाखाँची, कपिलवस्तु, डँडेलधुरा, बैतडी र दार्चुला जिल्लामा गरिएका अन्तर्क्रिया साथै ३.क्षेत्रीय स्तरमा गरिएका छलफल (सुदूरपश्चिम, पश्चिम र पूर्वक्षेत्र) मा अगुवा किसान, जिल्ला कृषक समूह महासंघका सदस्य, सहकारी संस्थाका प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय र पशु सेवा कार्यालयका प्रतिनिधिसहितको सहभागिताका आधारमा यो टिप्पणी तयार पारिएको हो ।


## धन्यवाद

अध्ययन कार्यमा संलग्न भई यो बहसपत्र तयार गर्नुहुने कमल भण्डारी, करिश्मा गुरुङ्ग, युवराज सुवेदी र कृष्ण पौडेल साथै यो कार्यमा सघाउने अक्सफाम नेपाल, साझेदार सस्थाहरु, किसान दिदिबहिनी, दाजुभाई र अन्य सरोकारवालाहरुलाई धन्यवाद ।


## सन्दर्भ स्रोत


1 Stuart, K. and Runge, C.F. 1997. Agricultural policy reform in the United States: an unfinished agenda. The Australian Journal of Agricultural and Resource Economics, 41:1, pp. 117±136

2 Sumner, D. A. (2007).Farm subsidy tradition and modern agricultural realities. Washington, D.C.: American Enterprise Institute. Retrieved at 15 april 2017 from http://aic.ucdavis.edu/research/farmbill07/aeibriefs/20070515_sumnerRationalesfinal.pdf

3 Hurt, R.D.2010. American and Chinese Agricultural Policy since 1949: An Overview. Procedia Social and Behavioral Sciences 41, 6692-6701

4 Kaur, R. and Sharma, M. 2012. Agricultural Subsidies in India Boon or Curse. Journal of Humanities and Social Science (JHSS). 2 (4) PP 40-46

5 APROSC & JMA 1995. Nepal Agriculture Perspective Plan 1995/96-2014/15 A.D. Kathmandu: Agricultural Projects Services Centre and John Mellor Associates.

6 RAUT, N. & SITAULA, B. K. 2012.Assessment of Fertilizer Policy, Farmers' Perceptions and Implications for Future Agricultural Development in Nepal. Sustainable Agriculture Research, 1, 188.

7 Raut, N. & Sitaula, B. K. 2012. Assessment of Fertilizer Policy, Farmers' Perceptions and Implications for Future Agricultural Development in Nepal. Sustainable Agriculture Research, 1, 188.

8 Steve Wiggins, S. and Brooks, J. 2010.The Use of Input Subsidies in Developing Countries.Global Forum on Agriculture.Policies for Agricultural Development, Poverty Reduction and Food Security OECD Headquarters, Paris. Retrieved -15 April 2017 from https://www.oecd.org/tad/agricultural-policies/46340359.pdf

9 http://www.moad.gov.np/